# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

**कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना ।**

**(सूचना प्रकाशन नं. ३९८ /मिति २०८३।०६।१३ गते)**

कालिका नगरपालिका अन्तर्गत कामकाज गर्ने गरी कर्मचारी सेवा करारमा भर्ना गर्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त दस्तुर तिरेको रसिद सहित आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम, उम्मेदवारको न्युनतम योग्यता, कार्य विवरण, पारिश्रमिक सेवाका शर्तसहितको बिस्तृत विवरण कार्यालयबाट वा कालिका नगरपालिकाको वेभसाइट www.kalikamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**आवश्यक पदहरुः**

| क्र.सं. | विज्ञापन नं. | पद | किसिम | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०८३/०८४ | पशु चिकित्सक (अधिकृत छैंठौं) | खुला/ करार | १ (एक) | |
| २ | ०२/०८३/०८४ | कृषि स्नातक (अधिकृत छैंठौं) | खुला/ करार | १ (एक) | |
| ३ | ०३/०८३/०८४ | उद्यम विकास सहजकर्ता (सहायकस्तर चौंथो) | खुला/ करार | १ (एक) | |

**योग्यताः**

१. नेपाली नागरिकता प्रमाणपत्र भएको ।

२. उमेरः

क) पशु चिकित्सक र कृषि स्नातकको हकमा दरखास्त दिने अन्तिम मितिसम्म २१ बर्ष पुरा भई ३५ बर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।

ख) उद्यम विकास सहजकर्ताको हकमा दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पुरा भई ३५ बर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।

३. शैक्षिक योग्यताः

क) पशु चिकित्सकको हकमा स्वीकृत विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक (B.V.Sc.& A.H.) वा सो सरह उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको हुनु पर्ने ।

ख) कृषि स्नातकको हकमा स्वीकृत विश्वविद्यालय वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनु पर्ने।

ग) उद्यम विकास सहजकर्ताको हकमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) वा सहजकर्ता सीप परिक्षण तह २ उत्तीर्ण गरेको ।

४. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

**परीक्षाको किसिमः** लिखित परीक्षा र अन्तर्वार्ता ।

**दरखास्त दस्तुरः**

पशु चिकित्सक र कृषि स्नातक पद को लागि रु.१०००।– , उद्यम विकास सहजकर्ता पदका लागि रु. ५००।-

**नोटः** परीक्षाको मिति र अन्य विषयगत सूचना पछि प्रकाशन गरिनेछ ।
अनुभविलाई विशेष ग्राहयता दिइनेछ ।

२०८३।०६।१२

..........................
**सदस्य-सचिव**
**पदपूर्ति समिति**

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np